NCE NEPAL

# कोरोना कहरमा एनसिईं नेपालको पहल

## कोभिड-१९ विषेश समाचार पत्र




कोरोना भाइरस (कोभिड १९) को संक्रमणका कारण विश्वकै जनजीवन ठप्प प्रायः भएको छ। यो भाइरसको संक्रमण नेपालमा पनि देखिएसँगै जोखिम न्यूनीकरण गर्न सरकारले गत चैत ११ गतेबाट घोषणा गरेको बन्दाबन्दी लामो समयसम्म जारी रही केही दिन अघिदेखी खोलिएको अवस्था छ । कोरोना संक्रमण नियन्त्रण गर्न जारी गरिएको बन्दाबन्दीको कारण विद्यालयहरू लामो समयदेखि बन्द हुँदा ६० लाखभन्दा बढी संख्यामा विद्यालय उमेरका बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठीत हुन पुगेको स्थिति छ । कक्षा १० को अन्तिम परीक्षा दिन तयार भएर बसेका ४ लाख ८२ हजार २ सय १९ विद्यार्थी र तिनका अभिभावक अन्योलमा परे । एनसिईं नेपालसहितका संघसंस्था, शिक्षाविद् तथा शिक्षामा सरोकार राख्ने व्यक्ति तथा निकायहरुको निरन्तरको माग र दवाव पछि सरकारले विद्यालयहरुले आन्तरिक मूल्यांकन पद्धतिका आधारमा व्यवस्थापन गर्नेगरी एसइईको विषय टुङ्गो लागेको छ भने अन्योलमा परेको कक्षा ११ को अन्तिम परीक्षा पनि विद्यालयकै मूल्यांकनका आधारमा गरी कक्षोन्नती गर्ने लगभग निधो भएको छ ।



विद्यालयका गतिविधि सञ्चालन गर्न ढिलो गर्न नहुने, जति सक्दो सुरक्षाका विधि अपनाएर शिक्षकलाई विद्यालय र विद्यार्थीको सम्पर्कमा जोड्नु पर्ने आवाज सर्वत्र उठन थालिरहेको अवस्थामा आ.व. २०७७/०७८ को सरकारी नीति तथा कार्यक्रम र बजेटमा यस शैक्षिक सत्रको पठनपाठन भर्चुअल तथा विद्युतीय विधिबाट अघि बढाइने उल्लेख भएपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरी लागु गरेको छ। निर्देशिकाले प्रविधिको पहुँचका आधारमा विद्यार्थीको ५ वर्ग निर्धारण गरेर वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने व्यवस्था गरेको छ । जसअनुसार सबै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थी समूह, रेडियोमा पहुँच भएका विद्यार्थी समूह, टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह, कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटि नभएका विद्यार्थी समूह र ईण्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थीको समूह निर्धारण गरी सोही आधारमा पठनपाठन अघि बढाउन सकिने निर्देशिकामा व्यवस्था गरिएको छ । अब प्रत्येक विद्यालयहरुले आफ्ना विद्यार्थीको अवस्था विश्लेषण गरी जतिसक्दो छिटो उनीहरुसँग शिक्षण सिकाइ गतिविधिसहित जोडिनु आवश्यक छ ।

सार्वजनिक विद्यालयमा अध्ययनरत लाखौलाख बालबालिका अहिले नै प्रविधिसँग जोडिएर पठनपाठनमा जोडिने अवस्थामा छैनन् । तिनका अभिभावकले यसका लागि आवश्यक प्रबन्ध गर्न सक्दैनन् पनि । तसर्थ भर्चुअल, अनलाइन, टेलिभिजन वा रेडियोको माध्यमबाट गरिने पठनपाठन क्रियाकलापले समाजमा विभाजनको रेखा नकोरोस् भन्ने तर्फ पनि ध्यानदिनु जरुरी देखिन्छ । भर्चुअल र वैकल्पिक कक्षा अहिलेका सन्दर्भमा उपयुक्त भए पनि यसले अहिले नै राष्ट्रिय आवश्यकता पूरा गर्नसक्ने अवस्था छैन । यसका साथै कोरोना महामारीले सिर्जित गरेको बहुआयामिक अस्तव्यस्तताले धैरै बालबालिका र तिनका अभिभावकलाई कठिन अवस्थामा पुऱ्याएको छ । यतिमात्र होइन शिक्षक समुदाय पनि अन्यौलपूर्ण अवस्थाबाट गुज्रिरहेको स्थिति छ ।

सार्वजनिक शिक्षाको क्षेत्रमा कार्य गर्ने नागरिक संगठनहरुको छाता संस्था एनसिईं नेपालले कोरोना महामारीको यो समयमा विभिन्न गतिविधिहरु गरिरहेको छ । यस क्रममा हामीले अकस्मात आइलागेको कोभिड १९ ले शिक्षाको क्षेत्रमा पारेको असर, न्यूनीकरणको उपाय र सरोकारवाला निकायहरुको भूमिका विषयमा सवालगत ११ वटा भर्चुअल सम्वाद कार्यक्रमहरु सम्पन्न गरेका छौं भने समय सन्दर्भ समेट्ने गरी ७ वटा प्रेस विज्ञप्ती

एवम् अपिल जारी गरेका छौं । यसै क्रममा एनसिई नेपाल केन्द्र र जिल्ला समन्वय समितिहरुबाट कोभिड १९ मा बालबालिका र उनीहरुको शैक्षिक अधिकारमा आधारित रेडियो सन्देशहरु तयार गरी रेडियोमार्फत बजाउने काम गर्नुका साथै कोरोना भाइरसबाट जोगिने उपाय, बालबालिकाको शिक्षा, अभिभावकको भूमिका लगायतका विषय समावेश गरी इन्फोग्राफिक्स तथा भिडियो सामग्री तयार गरी सामाजिक सञ्जालबाट सार्वजनिक गर्ने काम गरिएको छ । यसबाहेक विभिन्न जिल्लामा रहेका एनसिई नेपाल, जिल्ला समन्वय समितिहरुले पनि विपद्को शिक्षा व्यवस्थापनका क्षेत्रमा विभिन्न गतिविधिहरु सञ्चालन गरेका छन् । कोरोना महामारीको समयमा एनसिई नेपालले सम्पादन गरेका मुख्य-मुख्य गतिविधिहरुलाई संक्षिप्तमा यहाँ उल्लेख गरिएको छ ।

## महामारीमा शिक्षा अधिकार सुनिश्चितताका निमित्त शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई) नेपालको आह्वान

महामारी वा आपत्कालिन अवस्थामा सबैभन्दा बढी चपेटामा पर्ने बालबालिकाहरू र उनीहरूको बालमस्तिष्क हो । तसर्थ महामारीको अवस्थामा बालमनोविज्ञानमा कुनै नकरात्मक प्रभाव पर्न नदिई उनीहरूको सिकाइलाई निरन्तरता दिई बालबालिकाहरूको समान, समावेशी, गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु सबै तहका सरकार, विकासका साझेदार, गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज, शिक्षक, अभिभावक तथा सबै सरोकारवालाहरूको प्रमुख दायित्व हो भन्ने विषयलाई उजागर गर्दै सबै बालबालिकाहरूले निर्वाध र विना भेदभाव शिक्षा पाउने अधिकारको सुनिश्चित गर्न एनसिई नेपालले नागरिक समाज एवम् शिक्षा क्षेत्रमा क्रियाशील शिक्षाकर्मी, शिक्षाविद्हरुले संयुक्त आह्वान स्थानीय, प्रदेश तथा संघीय सरकार समक्ष गरेको थियो । सो आह्वानमा सबै तहका सरकारहरुको संयुक्त तथा एकल दायित्वका साथै नागरिक समाज एवं अभिभावकहरुको दायित्व समेत उजागर गरिएको थियो ।

सो अपिल निम्नानुसारको लिंकवाट हेर्न सकिन्छ

https://drive.google.com/file/d/1Vj6AxjvoDqIzNPP-i3-MTowyQQq6EofM/view?usp=sharing

यसका साथै वैकल्पिक शिक्षाको सुनिश्चितता गर्ने माग सहित एनसिई नेपाल वाग्मती प्रदेश समिति तथा एनसिई नेपाल जिल्ला समन्वय समिति रुपन्देहीले समेत प्रदेश र स्थानिय सरकारलाई अपिल बुझाएका थिए ।

## विपद्मा शिक्षा सुनिश्चितताका निमित्त वजेट वृद्धि गर्न एनसिई नेपालको ध्यानाकर्षण


National Campaign For Education - Nepal

प्रेस विज्ञप्ति

महामारीले निम्त्याएको र अझ निम्त्याउने आर्थिक, सामाजिक तथा मानसिक विभेदका परिस्थितिहरूसँग जुध्नका निमित्त गुणस्तरीय सार्वजनिक शिक्षा प्रणाली प्रस्थान विन्दू हो भन्ने निश्कर्षका साथ एनसिई नेपालले महामारीको अवस्थामा विभिन्न सरोकारवालाहरूसँग छलफल गरी प्राप्त भएका सार्वजनिक शिक्षामा सरकारको कार्यक्रम तथा बजेटले संवोधन गर्नुपर्ने विभिन्न सुझावहरु समावेश गरी सुझाब-पत्र तयार गरेको थियो। शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने कारणहरुलाई औंल्याउदैं शिक्षक व्यवस्थापन, शिक्षण व्यवस्थापन, शैक्षिक समता र समानता र विश्व विद्यालय सम्वन्धमा छलफलवाट आएका सुझावहरु समावेश गरिएको उक्त पत्रमा शिक्षामा लगानी वृद्धि गर्ने वैकल्पिक उपायहरुसमेत पहिचान गरि सुझाइएको थियो । उक्त पत्र प्रतिनिधि सभाका सम्पूर्ण सदस्यहरु, प्रदेश सभाका सदस्य तथा केही स्थानीय तहहरुलाई वुझाइएको थियो । सो सुझावपत्र निम्नानुसारको लिंकवाट हेर्न सकिन्छ ।

https://drive.google.com/file/d/1xNGK2TxGRa9ngM1Gor1KW-WkAIPeRZD4f/view?fbclid=IwAR1oxTXCG8gpS6rIF5MPzrEPyY_gWeZRhlsfbNgDu21kc3RflpUYZATJlls

## शिक्षा क्षेत्रमा बजेट : कति र कसरी? विषयक बहश कार्यक्रम

नेपाल सरकारको नीति तथा कार्यक्रम सार्वजानिक भएसँगै संघीय सरकारको बजेटमा शिक्षाको अधिकार सुनिश्चितताको निमित्त मन्त्रालयको तयारीको बारेमा जानकारी लिने र यस विषयमा आवश्यक सुझाव दिने र स्थानीय तहमा लबी पैरवी गर्ने उद्देश्यले एनसिई नेपालले शिक्षा क्षेत्रमा बजेट कति र कसरी ? भन्ने विषयमा भर्चुअल छलफल कार्यक्रम सम्पन्न गरेको थियो । पूर्व स्वास्थ्य मन्त्री तथा पूर्व सचिव (शिक्षा/अर्थ मन्त्रालय) विद्याधर मल्लिक र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव कृष्णप्रसाद काप्री मुख्यवक्ता रहनुभएको कार्यक्रममा शिक्षाविद् एवं एनसिई नेपालका सल्लाहाकार डा. विनय कुसियतले शिक्षा क्षेत्रमा रहेको ग्यापलाई प्रस्तुत गर्दै आफ्नो टिप्पणी राख्नुभएको थियो ।

कार्यक्रममा बक्ताहरुले शिक्षा क्षेत्रका लागि संघ, प्रदेश तथा स्थानीय सरकारहरुले कम्तीमा २० प्रतिशत बजेट विनियोजन गर्नुपर्ने, युवावर्ग लक्षित बजेट तयार गर्नुपर्ने, आवश्यकता र सान्दर्भिकताका आधारमा बालबालिकाका लागि अनौपचारिक सिकाइ, समुदायमा आधारित सिकाइ, घर शिक्षा सिकाइ र अनलाइन सिकाइलाई व्यवस्थापन गर्नुपर्ने,सबै स्थानीय तहमा छ वर्ष भन्दा मुनिका बालबालिकाका लागि प्रारम्भिक बाल विकास केन्द्रको स्थापना गरिनुपर्ने, सबै सार्वजानिक विद्यालयमा आवश्यक शिक्षकको आपुर्ति, विषय शिक्षकको व्यवस्थापन र शिक्षकहरुलाई प्रविधिसँग जोड्नको लागि शिक्षक लक्षित



डिजिटल साक्षर कार्यक्रमहरुको संचालन गरिनुपर्ने र सबै शिक्षण संस्था, विश्वविद्यालयहरुको सिकाइ र शिक्षालाई अनुसन्धानसँग जोड्नका निमित्त अनुसन्धानमा आधारित शिक्षाको व्यवस्था गरिनुपर्नेलगायतका विषयमा जोड दिनुभएको थियो । उक्त संवाद कार्यक्रममा एनसिई नेपालका कार्यसमिति सदस्य, सल्लाहकार, शिक्षाविद्, पत्रकारसहित फेसबुक लाईभमार्फत करिब २०० जना शिक्षा सरोकारवाला र शिक्षाकर्मीहरु जोडिनु भएको थियो ।

## शिक्षा र बालसंरक्षण विषयक संबाद सम्पन्न



कोभिड १९ का कारण देशभर भैरहेको लकडाउनमा सबै शैक्षिक क्रियाकलाप रोकिएका कारण घरमै रहेका बालबालिका कत्तिको सुरक्षित छन् र बाल संरक्षणका लागि प्रहरी संयन्त्र, स्थानीय सरकार, विभिन्न संघसंस्थाहरुबाट के कस्ता प्रयासहरु भैरहेका छन् भन्ने बारे जानकारी लिने र थप संरक्षणका प्रयासका निमित्त सुझावहरु प्रस्तुत गर्ने उद्देश्यले एनसिई नेपालले शिक्षा र बालसंरक्षण भन्ने विषयमा जुम एप्लिकेशनमार्फत छलफल कार्यक्रम सम्पन्न गरेको छ । सो संबाद कार्यक्रममा नेपाल प्रहरीका एसएसपी दुर्गा सिहं, कीर्तिपुर नगरपालिकाका उप प्रमुख सरस्वती खड्का, शिक्षा तथा मानव श्रोत विकास केन्द्रका विष्णुप्रसाद अधिकारी, सिविन बाल हेल्पलाइनका संयोजक भरत अधिकारी र नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष तथा एनसिई नेपालका कार्यसमिति सदस्य एवम् सार्क शिक्षक संगठनका महासचिव लक्ष्मण शर्मा प्रमुख बक्ताको रुपमा रहनुभएको थियो ।

संबाद कार्यक्रममा बक्ताहरुले विपद्को समयमा बालबालिकाहरु घरमै अभिभावक तथा परिवारसँगै रहेको भएतापनि सुरक्षित नभएको र बालबालिका अनेक हिसाबले शोषण, दुर्व्यबहार र हिंसाको शिकार भैरहेका वा हुनसक्ने भएकाले उनीहरुका लागि सुरक्षित वातावरणको सिर्जना गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो । यसका साथै बालशोषण, दुर्व्यबहार, हिंसा तथा यातनामा संलग्नहरुलाई कानूनबमोजिम कडा कारबाही हुनुपर्ने, बालसंरक्षणको विषयलाई तीनै तहका सरकारले प्राथमिकतामा राख्नुपर्ने, बालबालिका लक्षित सचेतनामूलक र मनोरञ्जनात्मक गतिविधिहरु सञ्चालन गर्नुपर्ने, क्वारेन्टिनमा रहेका बालबालिकाहरुका लागि बालबालिकामैत्री वातावरण, पोषणयुक्त खानेकुरा आदिमा ध्यान दिनुपर्ने, सडकमा रहेका तथा बालगृहमा बसेका बालबालिकाको अवस्थाबारे सरकारले चनाखो भई उनीहरुको सुरक्षित जीवनयापनमा ध्यान दिनुपर्ने र विशेष बालिकामैत्री वातावरण कायम गरिनुपर्ने कुरामा सो संवादले जोड दिएको थिए । कार्यक्रममा एनसिई नेपालका अभियानकर्मी र फेसबुक लाइभमार्फत करिब २५० जना सहभागी रहेको थियो ।

## सरकारको नीति तथा कार्यक्रम र शिक्षा बजेटको प्राथमिकता विषयक छलफल



कोरोना भाइरसले सिर्जित गरेको माहामारीमा शिक्षा क्षेत्रलाई व्यवस्थित गर्नका निमित्त सरकारको नीति तथा कार्यक्रमको योजना र तयारीका साथै बजेटको प्राथमिकताका विषयमा जानकारी लिने उद्देश्यले एनसिई नेपालले राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. उषा झा, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखेल, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका डा. दिपक शर्मा, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका सह-सचिव, इमनारायण श्रेष्ठ र शिक्षाविद् डा.प्रमोद भट्ट प्रमुख बक्ता सहितको नेपाल सरकारको नीति तथा कार्यक्रम र शिक्षा बजेटका विषयमा अन्तरक्रिया गरिएको थियो ।

कोराना प्रभावबाट शिक्षा क्षेत्रलाई जोगाउनका लागि २० प्रतिशतको प्रतिवद्धतामा कम्तीमा ४ प्रतिशत थप बजेट शिक्षा क्षेत्रका लागि छुट्टाउनुपर्ने, स्थानीय सरकारहरुले संघीय श्रोत र स्थानीय श्रोतबाट प्राप्त बजेटको सही र योजनाबद्ध प्रयोग गरिनुपर्ने, कोभिड सिर्जित शैक्षिक चुनौती व्यवस्थापन गर्न आवश्यक बजेट र कार्ययोजना शिक्षा मन्त्रालयबाट जारी गरी लागू गर्नुपर्ने, शिक्षकका लागि क्षमता विकास र डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनुपर्ने, सरकारले जारी गरेको वेब पोर्टल र अनलाइन सिकाइ प्रविधि र सिकाइबाट पहुँच नभएका सिमान्तकृत समुदायका बालबालिकाका लागि योजना बनाएर सरकारबाट व्यवस्था गरिनुपर्ने लगायतका विषयहरुमा सो कार्यक्रमले जोड दिएको थियो। तीनै तहका सरकार हरुले सिकाइ निरन्तरता सुनिश्चित गर्दै गुणस्तरीय तथा प्रविधिमैत्री शिक्षण सिकाइका विधिलाई प्राथमिकता दिनुपर्ने, विद्यालय क्षेत्र विकास योजना, विद्यालय निर्माण योजना र दिगो विकास लक्ष्य ४ आदिका आधारमा रहेर शैक्षिक कार्यक्रमलाई निरन्तर अगाडी बढाउनुपर्ने, जीवनपर्यन्त शिक्षालाई जोड दिई प्राविधिक शिक्षाका मार्फत सबै बालबालिकालाई सहभागी बनाउने गरी सबै स्थानीय तहमा प्राविधिक सिकाइ र सिपमूलक शिक्षण सिकाइमा लक्षित कार्ययोजना बनाई अगाडि बढ्नुपर्ने, सिमान्तकृतदेखि सबै तहका बालबालिकालाई विद्यालय सिकाइ र गुणस्तरीय सिकाइमा प्रेरित गर्नका निमित्त सबै जिल्लाका बालबालिकालाई दिवा खाजाको व्यवस्था गरिनुपर्नेलगायतका सुझावहरु समेत उक्त कार्यक्रममा प्राप्त भएका थिए ।

सो संबाद कार्यक्रममा एनसिई नेपालका कार्यसमिति सदस्य, आमन्त्रीत सहभागी र फेसबुक लाइभबाट जोडिनुभएका गरी करिब ३५० जना व्यक्तिहरुको सहभागिता रहेको थियो ।

## प्रदेश बजेटमा शिक्षा विषयक संवाद



सातवटै प्रदेश सरकारहरुले सार्वजनिक गर्ने प्रदेशको बजेटमा शिक्षाको अधिकार सुनिश्चितताको निमित्त प्रदेश सरकारको प्रस्तावित बजेट तथा कार्यक्रमका बारेमा जानकारी लिने र यस विषयमा आवश्यक सुझाव प्रस्तुत गर्ने उद्देश्यले एनसिई नेपालले प्रदेश बजेटमा शिक्षा भन्ने विषयमा प्रदेश २ सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरे, बागमती प्रदेश सामाजिक विकास मन्त्रलायका प्रवक्ता दिपेन्द्र सुवेदी, गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय तथा शिक्षा महाशाखाका प्रमुख दामोदर सुवेदी र प्रदेश ५ सामाजिक विकास मन्त्रालय तथ्याङ्क शाखाका बेगम केसीको उपस्थितिमा संवाद कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा आ-आफ्नो प्रदेशको प्रतिनिधित्व गर्दै बक्ताहरुले आफ्नो प्रदेशले शिक्षाका क्षेत्रमा प्रस्ताव गरेका कार्यक्रम तथा योजनाका बारेमा जानकारी गराउनुका साथै शिक्षा, ऐन तथा नियम बनाउँदाका अनुभवहरु आदान-प्रदान गर्नुभएको थियो । आ.ब. २०७७/७८ को बजेटमा आफूहरुले आवासीय विद्यालय निर्माण, विद्यालय भौतिक सुधार कार्यक्रम, प्रदेश विश्वविद्यालयको निर्माण, विद्यालयमा नर्सको व्यवस्था, एक स्थानीय तह-एक माध्यमिक तहको विद्यालय स्थापना, डिजिटल शिक्षा प्रणालीको व्यवस्था, विद्यालय समायोजन तथा सवलीकरण, विज्ञान प्रयोगशाला स्थापना, शिक्षक क्षमता विकास कार्यक्रम, छात्रबृत्ती कार्यक्रम, नमुना विद्यालय निर्माण, छात्राबास निर्माण कार्यक्रम, गणित, विज्ञानजस्ता मुख्य विषयमा विद्यार्थीको सिकाइ प्रवर्द्धनका लागि विशेष लगानी, शिक्षण सिकाइ सामाग्रीको व्यवस्था आदि क्षेत्रमा बजेट विनियोजन गर्न लागेको बक्ताहरुले जानकारी गराउनुभएको थियो ।

उक्त सम्बाद कार्यक्रममा महामारीको सम्बोधनका लागि प्रदेश सरकारहरुले शिक्षालाई प्राथमिकतामा राखेर स्थानीय श्रोतको

सही सदुपयोग गर्दै शिक्षामा लगानी बृद्धि गर्नुपर्ने, तीनै तहका सरकारले परस्परमा समन्वय गरी शैक्षिक सुधार कार्यक्रम अघि बढाउनुपर्ने, पाठ्यपुस्तकको सहज आपूर्ति र प्रविधिमैत्री शिक्षामा जोड दिनुपर्ने, विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श उपलब्ध गराउन पहल गर्नुपर्ने, सार्वजनिक शिक्षाको सुदृढीकरण तथा सवलीकरणका लागि स्थानीय नागरिक संगठनहरुसँग पनि सहकार्य गरी कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्ने लगायतका सुझावहरुमा वक्ताहरुले सोही अनुरुपको वजेट निर्माणमा कार्य गर्ने कुराको प्रतिवद्धता जनाउनुभएको थियो। सम्बादमा एनसिई नेपालका कार्यसमिति सदस्यहरु, प्रदेश तथा जिल्ला संयोजकहरु, पत्रकार, शिक्षामा सरोकार राख्नुहुने महानुभावहरु र फेसबुक लाइभमार्फत करिब ३०० सय जनाको सहभागिता रहेको थियो।

## शिक्षामा समता र लैङ्गिक उत्तरदायी बजेट विषयक संबाद कार्यक्रम सम्पन्न

आ.व. २०७७/२०७८ को नीति तथा कार्यक्रम सार्वजनिक भए सँगै शिक्षा सम्बन्धी गरिएका व्यवस्था र कार्यान्वयनका लागि बजेटसँग सम्बन्धित रहेर एनसिई नेपालले शिक्षामा समता र लैङ्गिक उत्तरदायी बजेटमा रहेका चुनौती र ग्यापहरुको विश्लेषण गर्दै आवश्यक सुझाव सहितको समता र लैङ्गिक उत्तरदायी बजेट विनियोजन गर्न पहल गर्ने उद्देश्यका साथसम्बाद कार्यक्रम सम्पन्न गरेको थियो। सो सम्बाद कार्यक्रममा प्रतिनिधिसभाका सदस्य माननीय डिला संग्रौला, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उप-सचिव जयप्रसाद आचार्य, शिक्षाविद् एवं एनसिई नेपालका सल्लाहाकार डा. सुशन आचार्य र एनसिई नेपालका सल्लाहाकार एवम् दिदीबहिनी संस्थाका कार्यकारी अध्यक्ष सलोनी सिंह मुख्य बक्ता रहनुभएको थियो।




शिक्षामा बजेटको घट्दो क्रमले समता र लैङ्गिक उत्तरदायी कार्यक्रमलाई सम्बोधन गर्न र समाजमा समानता कायम गर्न नसक्ने भएकाले शिक्षामा लगानी र बजेटको अङ्क बढाउनुपर्ने, बालबालिकाको विद्यालय छाड्ने दर उच्च रहेकाले यसरी विद्यालयबाट बाहिरिने बढ्दो क्रमलाई रोकेर विद्यालय शिक्षामा आकर्षित गर्न र विद्यालयमा टिकाउन आवश्यक कार्य योजना बनाएर अगाडि बढ्नुपर्ने, बालिकाहरुको शैक्षिक गुणस्तर तथा उपलब्धी बृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गनुपर्ने, बजेटमा थप समता र लैङ्गिक उत्तरदायी कार्यक्रमहरु समावेश गरि नुपर्ने, स्थानीय सरकारहरुले सार्वजनिक र निजी विद्यालयहरुमा एउटै शिक्षा प्रणाली लागू गर्न र समान शैक्षिक गुणस्तर कायम गर्न तथा अपांग, पिछडिएका, असहाय तथा उत्पिडित वर्गका लागि समानता कायम गर्ने गरी शैक्षिक कार्यक्रम तय गरी लागू गर्नुपर्ने, शिक्षामा राजनीतिकरण र दलीयकरणको अन्त्य गरी स्वच्छ शैक्षिक वातावरण सुनिश्चित गरिनुपर्ने लगायतका विषयमा संवादले जोड दिएको थियो। कार्यक्रमले तीनै तहको सरकारका नीति तथा कार्यक्रम एवं वजेटले शिक्षामा समता र लैङ्गिकताका कुराहरु विषेश प्राथमिकताका साथ समावेश गरिनुपर्ने कुरामा सबैको ध्यानाकर्षण गरेको थियो।

कार्यक्रममा एनसिई नेपालका कार्यसमिति सदस्य, आमन्त्रीत सहभागी र फेसबुक लाइभबाट जोडिनुभएका गरी करिब ३५० जना व्यक्तिहरुको सहभागिता रहेको थियो।

## एसइई, कक्षा ११ र १२ को परीक्षा व्यवस्थापन कसरी? विषयक संबाद कार्यक्रम




कोरोना भाइरसका कारण स्थगित एसइई सहित कक्षा ११ र १२ को परीक्षाको व्यवस्थापन कसरी गर्ने भन्ने अन्यौलतालाई सहजीकरण गर्नका निमित्त शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव महेश दाहाल, शिक्षाविद प्रा. डा. मनप्रसाद वाग्ले र नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष लक्ष्मण शर्माको सहभागीतामा एनसिई नेपालले संवाद कार्यक्रम सम्पन्न गरेको थियो।

कार्यक्रममा शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयका सचिव महेश दाहालले कोरोना महामारीका कारण रोकिएका कक्षा १०, ११ र १२ का परीक्षा के कसरी सञ्चालन गर्ने सरकारी तयारी रहेको छ भन्ने बारेमा जानकारी प्रस्तुत गर्नुभएको थियो। उहाँले वैकल्पिक उपायमार्फत शिक्षण सिकाइ गतिविधि अगाडि बढाउन सकिनेतर्फ संकेत गर्दै अहिल्यै शैक्षिक सत्र सकिएर भयावहक अवस्था सिर्जना हुन्छ भनेर आत्तिनु नपर्ने र अबको अवस्था समान्य भएमा बिदाहरुलाई कटौती गरी शैक्षिक सत्र समय मै सकिने गरी व्यवस्थापन गर्न सकिने कुरा औंल्याउनुभयो। शिक्षाविद् प्रा. डा.

मनप्रसाद वाग्लेले समग्र शिक्षा प्राणालीमा सुधार ल्याउनका निमित्त परीक्षा प्राणाली नै परिवर्तन गर्नुपर्ने खाँचो रहेको बताउनुभयो । कार्यक्रममा सहभागीहरुले मन्त्रालयलाई कोरोना महामारीले चुनौतीका साथमा अवसर पनि दिएकाले कतिपय नराम्रा पुराना पद्धतिलाई भत्काएर समयको माग र हाँकलाई सम्बोधन गर्न तथा विद्यालयले लिएका आन्तरिक परीक्षाहरुका आधारमा विद्यार्थीको मूल्यांकन गरी कक्षोन्नती गर्न सुझाव दिएका थिए ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष लक्ष्मण शर्माले लकडाउनको स्थिति एकैचोटी सबै जिल्लामा सामान्य नहुने बताउँदै शिक्षकको मूल्यांकनलाई नै मान्यता दिन आग्रह गर्नुभयो । विषम परिस्थितिमा स्थानीय सरकारहरुको भूमिका महत्वपूर्ण भएकाले स्थानीय सरकारहरु जिम्मेवार बन्नुपर्ने, शिक्षकहरुको क्षमता विकास, सबै विद्यार्थीसँग विजुली र इन्टरनेटको पहुच पुऱ्याउने कुरामा सरकार र शिक्षा मन्त्रालय गम्भीर बन्नुपर्ने कुरामा कार्यक्रमले जोड दिएको थियो । कार्यक्रममा एनसिई नेपालका कार्यसमिति सदस्य, आमन्त्रीत सहभागी र फेसबुक लाइभबाट जोडिनुभएका गरी करिब ३०० जना व्यक्तिहरुको सहभागिता रहेको थियो ।

## २०७७/२०७८ को नीति तथा कार्यक्रम : विद्यालय शिक्षा कार्यान्वयन कसरी? विषयक छलफल सम्पन्न

व्यवस्थापिका संसदको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूद्वारा प्रस्तुत २०७७/२०७८ को नीति तथा कार्यक्रममा शिक्षा सम्वन्धी गरिएका व्यवस्थालाई समीक्षा गर्ने र ती कार्यक्रमहरुमा देखिएका रिक्तता विश्लेषण गर्दै आवश्यक संशोधन सहितको शिक्षामा बजेट विनियोजन गर्न पहल गर्ने ध्येयका साथ एनसिई नेपालले छलफल कार्यक्रम सम्पन्न गरेको थियो । माननीय विन्दा पाण्डे, राष्ट्रिय सुचना आयोगका पूर्व प्रमुख आयुक्त तथा नेपाल सरकारका पूर्व अर्थ सचिव कृष्णहरि बास्कोटा र खोज पत्रकारिता केन्द्रका सहायक सम्पादक बाबुराम बिश्वकर्मा मुख्य बक्ता रहनुभएको सो कार्यक्रममा मुख्यरुपमा सरकारको नीति तथा कार्यक्रमले विपद्को समयमा शिक्षाक्षेत्र बढी नै प्रभावित भैरहेकाले सरकारले विशेष नीति तथा कार्यक्रम ल्यायी यसलाई सम्बोधन गर्नुपर्ने, शिक्षामा पर्याप्त हुनेगरी लगानी बृद्धि गर्नुपर्ने, सिमान्तकृत, विशेष अवस्थाका र पिछडिएका समुदायका बालबालिकाको समेत सिकाइ वातावरण सुनिश्चित हुनेगरी बहुबैकल्पिक विधिबाट जतिसक्दो छिटो पठनपाठनको व्यवस्था गर्नुपर्ने, यस महामारीले दिएको चुनौतीबाट पाठ सिकेर सीपयुक्त, व्यवसायिक र उत्पादन तथा श्रमसँग जोडिने शिक्षा पद्दतिको थालनी गर्न लाग्नुपर्ने, विश्वविद्यालयहरुलाई अनुसन्धान केन्द्रीत बनाउनुपर्ने, स्थानीय सरकारलाई सक्तक्त, सक्षम र जिम्मेवार बनाउन तथा संबैधानिक रुपमा प्रदत्त अधिकार प्रयोग गर्न सक्ने बनाउन संघीय सरकारले भूमिका खेल्नुपर्ने, विपद्को समयमा शैक्षिक सत्रमा तलमाथि नहुनेगरी योजना बनाएर स्थानीय सरकारहरुले काम गर्नुपर्ने, निजी विद्यालयहरुलाई नियमन गर्नका लागि राज्यको स्पष्ट नीति हुनुपर्ने, उच्च शिक्षा र व्यवसायिक शिक्षामा मात्र निजी क्षेत्रको सम्लग्नता हुनुपर्ने, संबिधानको व्यवस्थालाई कार्यान्वयन सार्वजनिक र निजी विद्यालयले माध्यमिक तहसम्मका विद्यार्थीबाट कुनै पनि प्रकारको शुल्क लिन नहुने, निजी विद्यालयलाई प्रोत्साहित गर्ने खालको सरकारी नीति हुन नहुने, शिक्षकको क्षमता बृद्धि गर्ने कार्यक्रमहरुलाई प्राथमिकतामा राख्नुपर्नेलगायतका विषयहरुमा वक्ताहरुले आआफ्नो तर्फबाट पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । यस छलफल कार्यक्रममा एनसिई नेपालका कार्यसमिति सदस्य, आमन्त्रीत सहभागी र फेसबुक लाइभबाट जोडिनुभएका गरी करिब २०० जना व्यक्तिहरुको सहभागिता रहेको थियो ।

## सामुदायिक विद्यालय निजीलाइ : सामुदायिकीकरण कि निजीकरण? विषयक बहस




संघीय सरकारबाट आ.व. २०७७/७८ को बजेट सार्वजनिक भए पश्चात् बजेटको बुँदा नं १६६ सबैतिर चर्चामा रह्यो । उक्त बुँदामा उल्लेखित सार्वजनिक शिक्षाको सुधार निजीलाई दिने भन्ने व्यवस्था गरिएकोमा सो व्यवस्था सच्चाउन सरकारलाई खबरदारी गर्ने, सार्वजनिक शिक्षाको सुनिश्चितता र सुधारमा सरकारनै जिम्मेवार हुनुपर्ने लगायतका विषयमा सरोकारवाला पक्षका बीचमा सम्बाद गर्ने उद्देश्यले एनसिई नेपालले सामुदायिक विद्यालय निजीलाई : सामुदायिकीकरण कि निजीकरण? विषयक बहश सम्पन्न गरेको थियो । उक्त बहसमा प्रतिनिधिसभाका

सदस्य, पूर्व मन्त्री तथा प्रतिनिधिसभामा शिक्षा तथा स्वास्थ्य समितिका सदस्य रहनुभएका माननीय खगराज अधिकारी र माननीय मानबहादुर वि.क. र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगका सदस्य रहिसक्नुभएका विश्लेषक श्याम श्रेष्ठ मुख्य बक्ता रहनुभएको थियो ।

कार्यक्रमका बक्ताहरुले निजी विद्यालयलाई सार्वजनिक शिक्षामा हस्तक्षेप गर्न दिननहुने, सार्वजनिक शिक्षाप्रतिको आफ्नो दायित्वबाट सरकार भाग्न नहुने र बजेटमा समावेश गरिएको १६६ नं. बुँदालाई खारेज गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो । कार्यक्रमले सार्वजनिक शिक्षाको गुणस्तर अभिबृद्धिका लागि शिक्षामा बजेटको आकार उल्लेख्य मात्रामा बढाइनुपर्ने, शिक्षालाई नाफामूलक बस्तुका रुपमा लिन नहुने, यदि निजी क्षेत्रको सहयोग सरकारलाई प्राप्त हुन्छ भने भिन्दै कोष बनाई सरकारले उक्त रकमलाई सार्वजनिक शिक्षाका क्षेत्रमा खर्च गर्ने व्यवस्था गर्नुपर्ने, राम्रो र गुणस्तरीय शिक्षाका लागि शिक्षकको क्षमता विकासमा ध्यान दिइनुपर्ने, प्रधानाध्यापकलाई शक्तिशाली र कार्यकारी भूमिकासहित स्थापित गरिनुपर्ने, संबिधानको मर्मलाई आत्मसाथ गर्दै समाजवाद उन्मुख शिक्षा प्रणालीको थालनी गर्नुपर्ने, राजनैतिक संलग्नता भएका व्यक्तिहरुले शिक्षा र स्वास्थ्यका क्षेत्रमा कुनै पनि लगानी गर्न नहुने लगायतका विषयहरुमा सरकारको ध्यानाकर्षण गरेको थियो । कार्यक्रममा प्रत्यक्ष तथा फेसबुक लाइभमार्फत करिब २०० जना शिक्षा सरोकारवाला र शिक्षाकर्मीहरुले सहभागिता जनाउनु भएको थियो ।

## शिक्षा अधिकारको सुनिश्चितताका निमित्त प्रदेश सरकारको तयारी विषयक संबाद




कोभिड १९ को माहामारीमा शिक्षाको अधिकार सुनिश्चितताको निमित्त प्रदेश सरकारको तयारीको विषयबारे आवश्यक जानकारी लिने र प्रदेश सरकारलाई सान्दर्भिक सुझावहरु प्रस्तुत गर्ने उद्देश्यले प्रदेश १ का सामाजिक विकास मन्त्री माननीय जीवन घिमिरे, कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री माननीय दलबहादुर रावल र शिक्षाविद् प्रा. डा. विद्यानाथ कोइराला समेतको सहभागितामा एनसिई नेपालले संवाद कार्यक्रम सम्पन्न गरेको थियो ।

सहभागीहरुले लामो समय बन्दाबन्दीको कारणले गर्दा घरमै रहनुपरेका बालबालिकालाई यथाशिघ्र बैकल्पिक उपायहरु अवलम्बन गरी विशेष शिक्षण सिकाइ प्याकेजसहित सिकाइ क्रियाकलापमा जोड्नुपर्ने र यसका लागि स्थानीय सरकारहरु अग्रसर हुनुपर्ने आव्हान गर्नुभएको थियो । यसका साथै एसइई परीक्षाको विकल्प खोज्नुपर्ने, बहुप्रविधिकेन्द्रीत शिक्षण सिकाइका लागि आवश्यक भौतिक पूवार्धार तयारीमा ध्यान दिनुपर्ने, विद्यालय, शिक्षक र बालबालिकालाई प्रविधिमैत्री बनाउनका लागि प्रदेश सरकारहरुले पनि बजेटको व्यवस्था गर्नुपर्ने, आ-आफ्नो प्रदेशअन्तरगतका विश्वविद्यालयहरुमा अनलाइन प्रणालीबाट पठनपाठन सुरु गर्न आवश्यक तयारी गर्नुपर्ने, महामारीको सामना गर्न प्रदेश तथा स्थानीय तहमा शिक्षासमुह (Education Cluster) गठन गरी कृयाशील बनाउने र तीनै तहका सरकारबीच प्रभावकारी सहकार्य र समन्वय हुनुपर्ने कुरामा सहभागीहरुको जोड रहेको थियो ।

सम्बाद कार्यक्रममा फेसबुक लाइभमार्फत करिब ४५० जना प्रत्यक्षदर्शीले आफ्ना जिज्ञासा तथा प्रश्नहरुहरु पनि राख्नु भएको थियो ।

## आर्थिक वर्ष. २०७७/०७८ को नीति तथा कार्यक्रम एवं बजेटमा शिक्षासम्बन्धी व्यवस्थाबारे एनसिई नेपालको ध्यानाकर्षण

एनसिई नेपालद्धारा आ.व. २०७७/७८ को नीति तथा कार्यक्रमका विषयहरुलाई स्वागत गर्दै सो कार्यक्रमहरुको स्पष्टता एवं पर्याप्त वजेटको माग सहित प्रेस विज्ञप्ति जारि गरिएको थियो । यस सँगै शिक्षा क्षेत्रका योजना र कार्यक्रमहरु तथा आ.व. २०७७/७८ को बजेटमा शिक्षा क्षेत्रलाई छुट्याईएको बजेटलाई लिएर सबै नागरिक समाज तथा सरकारको ध्यानाकर्षण गराउने उद्देश्यका साथ वजेट वक्तव्य पश्चात् पनि प्रेस विज्ञप्ति तयार पारी सम्प्रेषण गरिएको थियो । कोभिड १९ को महामारीबाट प्रत्यक्ष रुपमा प्रभावित ६० लाख भन्दा बढि बालबालिकाहरुको शिक्षण सिकाइमा परिरहेको असर न्युनीकरण तथा वैकल्पिक शिक्षाका योजनाहरु वा ठोस कार्यक्रमहरुबारे नीति तथा कार्यक्रममा समावेश नभएको साथै शिक्षा बजेटको आकार करीब १२ प्रतिशत भएता पनि सो बजेट सरकारले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मंचहरुमा गरेको प्रतिबद्धता अनुसार शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत र कुल ग्राहस्थ उत्पादनको कम्तिमा ६ प्रतिशत र यस महामारीका बीच सबै

बालबालिकाहरुका लागि गुणस्तरीय समावेशी र समातामूलक शिक्षा अधिकार सुनिश्चित गर्न थप ४ प्रतिशत बजेटको माग गरे अनुरुपको नभएकोमा ध्यानाकर्षण गरिएको थियो । उक्त प्रेष विज्ञप्ति निम्नानुसारको लिंकवाट प्राप्त गर्न सकिन्छ ।

https://drive.google.com/file/d/1xNGK2TxGRa9ngM1Gor1KW-WkAIPeRZD4f/view?fbclid=IwAR1oxTXCG8gpS6rIF5MPzrEPyY_gWeZRhlsfbNgDu21kc3RflpUYZATJlls

https://drive.google.com/file/d/1YRtUMJxbj5dWZDH4g03XP7LP-65Mi72ft/view?usp=sharing

## जिल्ला समन्वय समितिका गतिविधिहरु

कोभिड १९ ले शिक्षा, बालबालिका, किशोरकिशोरी र युवामा पारेको प्रभाव तथा लाखौंलाख बालबालिकाको निरन्तर शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न हेतु एनसिई नेपालका जिल्ला समन्वय समितिहरुले विभिन्न गतिविधिहरु सञ्चालन गरी सरोकारवालाहरुको ध्यानाकर्षण गर्ने तथा आम जनसचेतीकरण गर्ने अभियानहरु सञ्चालन गरेका थिए । पर्वत जिल्ला समन्वय समितिले पर्वत जिल्लाका ७ वटै स्थानीय पालिकाहरुलाई बालबालिका, युवा तथा शिक्षाको अधिकार सुनिश्चित गर्नका लागि ११ बुँदे ध्यानाकर्षण पत्र बुझाउने कार्य सम्पन्न गरेको थियो भने पाल्पा समन्वय समितिले जिल्ला भित्रका शैक्षिक सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरुका बीचमा भर्चुअल बैठकको आयोजना गरी विद्यालय बन्दका कारणले बालबालिकामा परेको असर र समाधानका उपाय विषयमा सम्बाद कार्यक्रम सम्पन्न गरेको थियो । यसैगरी मकवानपुर जिल्ला समन्वय समितिले बैठकको आयोजना गरी बन्दाबन्दीले शिक्षा क्षेत्रमा पारेको प्रभाव, प्रादेशिक बजेटमा शिक्षा बजेटको सन्दर्भ, क्वारेन्टिन अनुगमनलगायतका विषयमा छलफल सम्पन्न गरेको थियो ।

यसैगरी एनसिई जिल्ला समन्वय समितिहरु क्रमशः पर्वत, मकवानपुर, दाङ, कपिलवस्तु, सुर्खेत, पर्सा, बाजुरा, दैलेख, नवलपुर, स्याङ्जा र रुपन्देहीले स्थानीय सामुदायिक एफएमहरुमार्फत कोरोना भाइरसबारेको सचेतना, बालबालिकाको शिक्षा तथा संरक्षण, अभिभावकको भूमिका, स्थानीय सरकारहरुबाट गरिएको अपेक्षा तथा बाल मनोपरामर्श आदि विषयबस्तुहरु समावेश गरी पिएसए बजाउने काम गरिरहेकाछन् ।









## एनसिई नेपाल केन्द्रद्वारा सम्पन्न गरिएका मुख्य क्रियाकलापहरु

कोभिड १९ का कारणले सरकारले घोषणा गरेको बन्दाबन्दीको समयमा एनसिई नेपालले कैयौ काम सम्पन्न गरेको छ भने कतिपय गतिविधिहरु यद्यपी सञ्चालन गरिरहेको छ । यसबीचको समयाबधीमा एनसिई नेपालले सम्पादन गरेका मुख्य मुख्य क्रियाकलापलाई बुँदागत रुपमा उल्लेख गरिएको छ ।

- कोरोना भाइरस के हो ? कसरी बच्न सकिन्छ ? अपनाउनुपर्ने सजगता के के हुन् ? विपद्को समयमा बालबालिकालाई के कसरी व्यवहार गर्ने र सुरक्षित राख्ने, घरमा नै बालबालिकालाई सिक्ने सिकाउने वातावरण कसरी तयार गर्ने, अभिभावकले गर्नुपर्ने भूमिका के के हुनसक्दछन् ?, बालबालिका र उनीहरुको शिक्षालाई कोरोना भाइरसले पारेको प्रभावका बारेमा तथ्य तथ्याङ्क र जानकारी समेटिएका १ दर्जन जती इन्फोग्राफिक्स तयार गरी एनसिई नेपालको फेसबुक पेजबाट सार्वजनिक,
- विपद्को समयमा बालबालिकाको शिक्षाको अधिकार सुनिश्चितताका लागि सरोकारवालाहरुले खेल्नुपर्ने भूमिका समेटिएको रेडियो पिएसए तयार गरी नेपाल सामुदायिक रेडियो प्रशारक संघको बृहत्तर नेटवर्कबाट प्रशारण,
- महामारीको समयमा विद्यालय शिक्षाको बिकल्पको रुपमा के व्यवस्थापन हुन सक्दछ र बालबालिकाले पढ्न पाउने वातावरण निर्माण गर्न सकिन्छ भन्ने विषय समावेश गरी सन्देशमूलक भिडियो तयार गरी एनसिई नेपालको फेसबुकबाट सार्वजनिक गर्नुका साथै इमेलमार्फत एनसिई नेटवर्कमा प्रेषण,
- लकडाउनको समयाबधीमा शिक्षाक्षेत्र सम्बन्धि विभिन्न समसामयिक विषयवस्तुमा आधारित भै कूल ७ वटा प्रेस विज्ञप्ती तथा अपीलपत्रहरु जारी ।

**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई - नेपाल)**
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०
पो.ब.नं. १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np